




PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



बाढी, पहिरो, डुबानको जोखिम भएका बस्तीहरूको अवस्थितिबारे स्थानीय र जिल्ला तहका विपद् जोखिम न्यूनीकरण समितिहरूलाई जानकारी गराउने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ असार १० गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 24 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २९६


## नाला, सडक निर्माणमा अनियमितता

प्रस, पर्सागढी, ९ असार/

वीरगंज महानगरपालिका-३१ कोनियामा उपभोक्ता समितिमार्फत नाला लामो सडक निर्माण भएको र सोको दुवैतर्फ नाला बनाउने भनेर आफ्नो घर तोडफोड गरिएको तर एकतर्फी नाला उनले बताए । सडकको दुवैतर्फ नाला बनाउने योजना पछिल्लो चरणमा एकातर्फ मात्र बनाउने सम्झौता भएको



वीरगंज महानगर-३१ कोनिया टोलमा निर्माण भएको ढलान सडक र नालाको अवलोकन गर्दै । तस्वीरः प्रतीक

र सडक निर्माणमा अनियमितता भएको पाइएको छ ।

१८५ फीट सडक र सडकको दायाँ/बायाँ पक्की नाला निर्माणको लागि महानगरपालिकाले उपभोक्ता समितिलाई रु ४८ लाख उपलब्ध गराएको थियो । सोमा जनश्रमदान रु १२ लाख ३१ हजारसहित रु ६० लाख ३१ हजारको यो कार्यमा अहिले अनियमितता भएको पाइएको छ । २०७७ माघ १२ गते भएको सम्झौता अनुसार २०७७ चैत १२ गतेसम्म दुई महीनाको अवधिमा उपभोक्ता समितिले यो काम गरिसक्नुपर्ने थियो तर एक वर्षभन्दा बढी समय बितिसक्दा पनि सडक र नाला सम्झौता अनुसार निर्माण नभएको स्थानीयले आरोप लगाएका छन् ।

वीरगंज-३१ कोनियाका शङ्कर पटेल, शम्भु महतो, जयराम राउतले १८५ फीट बनाइएको बताए । उनीहरूले अहिले वर्षायामको बेला तोडफोड गर्दा घरअगाडि पानी जमेर समस्या भएको बताए । शुरूमा ग्रेभल सडकको सम्झौता भएपनि पछि पक्की ढलान सडक बनाइएको र सो पनि सम्झौता अनुसार नभएको उनीहरूले गुनासो गरेका छन् ।

१८५ फीट लम्बाइ र २० फीट चौडा सडक बनाउनुपर्नेमा उपभोक्ता समितिले १३ फीट चौडा सडक बनाएको र त्यो पनि सय फीटभन्दा लामो नभएको आरोप लगाएका छन् ।

उपभोक्ता समितिका अध्यक्ष जीरा राउत कुर्मीले २०५ फीट लामो सडक पक्की ढलान गरेको दाबी गरे । उनले विभिन्न चरणमा टोलवासीले पटक-पटक झैंझगडा गरेकाले निर्माण कार्य ढिला भएको बताए । एक साताअघि मात्र सबै निर्माण कार्य सम्पन्न भएको उनको भनाइ छ ।

१३ सदस्यीय उपभोक्ता समितिमध्ये अधिकांश सदस्यलाई यसबारे गुमराह गरिएको समितिका सदस्य मुरारीप्रसाद यादवले आरोप लगाए । उनले अध्यक्षले मनमौजी पाराले काम गरेको आरोप लगाए ।

## धमाधम भत्किंदैछ पिलुवा-कलैया हुलाकी सडक

प्रस, निजगढ, ९ असार/

बारा, पिलुवा भएर सदरमुकाम विष्णुप्रसाद अधिकारीले बताए ।

भारत सरकारको सहयोगमा सो हुँदा निर्माण सम्पन्न भएको एक वर्ष पनि पूरा नहुँदै सडक बिग्रिएको



बाराको पिलुवा-कलैया जोड्ने हुलाकी सडकको दुरवस्था । तस्वीरः जीतलाल श्रेष्ठ

कलैया जोड्ने करीब १८ किलोमिटर हुलाकी सडक बनेको केही समयमैं भत्किंदैछ । सडक निर्माण भएको दुई वर्ष बित्न नपाउँदै सडकखण्ड ठाउँ-ठाउँमा भत्किएको छ । सडक रेखदेख गर्ने निकाय हुलाकी सडक निर्माण आयोजना कार्यालय वीरगंज, पर्साले चासो दिएको छैन ।

सो सडकको ५ दर्जनभन्दा बढी स्थानमा खाल्डाखुल्डी भएको, चर्किएको र भत्किएको छ । हुलाकी सडक निर्माण गर्ने ठेकेदार कम्पनीले भत्किएको सडकको अवस्था हेर्नसमेत नआएको जीतपुरसिमरा उपमहानगरपालिका-१६ पिलुवाका स्थानीयहरूले गुनासो गरे । घरअगाडिको सडक वर्ष दिनमैं खराब भएको जीतपुरसिमरा उपमनपा-१६ पिलुवाका स्थानको सडक भिस्वा प्रालिले बनाउने जिम्मा पाएको थियो तर सडक निर्माणको क्रममा जग्गाको मुआवजा, सडक अतिक्रमित घरटहरा हटाउने काममा ढिलासुस्ती भएपछि निर्माण कम्पनीले बीचमैं काम गर्न छाडेको थियो । त्यसपछि हुलाकी सडक निर्माण सम्पन्न गर्ने नेपाल सरकारले घोषणा गरेपछि नेपाली ठेकेदारहरूले उक्त सडक निर्माण गरेका हुन् । तोकिएको समयभन्दा ढिलै सडक निर्माण गरिए पनि गुणस्तरहीन भएको जीतपुरसिमरा उपमहानगरपालिका-१६ पिलुवाका पत्रकार हरिदेव खरेलले बताए ।

> सडक निर्माणका लागि भारतबाट ल्याइएका करोडौं मूल्यका ग्रेटर, डोजर, लोडर, रोलर, टिपर मोबाइल क्रसरलगायतका मेशिन, औजार पिलुवाको वनक्षेत्रमा अलपत्र छन् । सडक क्षमताभन्दा बढी भारवहनका सवारीसाधन गुड्नाले सडक भत्किएको बताइन्छ । सो सडक भएर गुड्ने सवारीसाधनहरू दुर्घटनामा पर्ने गरेको स्थानीयले बताए ।

उनले गुणस्तरीय सडक निर्माणका लागि प्राविधिक टोली र ठेकेदार कम्पनीको ध्यानाकर्षण गराएको तर सुनवाइ नभएको आरोप लगाए ।

सडक अहिलेसम्म सरकारलाई हस्तान्तरण नभएकोले बिग्रिएको सडक ठेकेदार कम्पनीले मरम्मत सम्भार गर्नुपर्नेछ ।

## भारतीयलाई कुटपिट गरेपछि सशस्त्र प्रहरी स्थानीयको नियन्त्रणमा

प्रस, वीरगंज, ९ असार/

धोबिनी गाउँपालिकाको जानकीटोलावासीले तीनजना सशस्त्र प्रहरीलाई नियन्त्रणमा राखेकोमा सशस्त्र र नेपाल प्रहरीले उनीहरूलाई मुक्त गराएको छ ।

भारतीय युवक जर्फुद्दीन अन्सारीले ओरिया खोला हुँदै एउटा खसी आफन्तकहाँ ल्याउने क्रममा सो ठाउँमा खटेका सशस्त्र प्रहरीले कुटपिट गरी घाइते नभएपछि थप उपचारको लागि वीरगंज ल्याइएको छ ।

राजेन्द्र खड्काले निषेधाज्ञा रहेकोले वीरगंज-रक्सौल नाकाबाहेक अन्य नाका



जानकीटोलामा विवाद हुँदै । तस्वीरः प्रतीक

बनाएको आक्रोशमा स्थानीयले सशस्त्र प्रहरी भिखमपुर बेस क्याम्पमा कार्यरत तीनजना सशस्त्र प्रहरीलाई नियन्त्रणमा लिएका थिए । आज बिहान ११ बजे २६ वर्षीय भारतीय युवक अन्सारीले खसी ल्याउने क्रममा उनलाई निर्घात कुटपिट गरिएको थियो । स्थानीय भिखमपुर स्वास्थ्य चौकीमा निजको उपचार सम्भव

तीनजना सशस्त्र प्रहरी घाइते युवकलाई उपचार गराउन पुगेका बखत आक्रोशित गाउँलेले औषधिपसलमा उनीहरूलाई नियन्त्रणमा लिएर राखेका थिए । पछि सशस्त्र र नेपाल प्रहरीको थप टोली जानकीटोला पुगेर तीनजना सशस्त्र प्रहरीलाई गाउँलेको नियन्त्रणबाट छुटाएका थिए । सशस्त्र प्रहरी उपरीक्षक बन्द भएको अवस्थामा भारतबाट खसी ल्याउने क्रममा सशस्त्र प्रहरीले रोक्दा युवकले विवाद गर्दा सो घटना भएको बताए । उनले तीनजना सशस्त्र प्रहरीलाई गाउँलेले नियन्त्रणमा लिएको कुरा आफूलाई थाहा नभएको बताए । घटनापछि तनाव भएको र सो नियन्त्रणको लागि थप प्रहरी पठाइएको उनले बताए ।

## विद्यालय, क्याम्पस सञ्चालन गर्न विद्यार्थी सङ्गठनको माग

प्रस, वीरगंज, ९ असार/

तीनवटा विद्यार्थी सङ्गठनले जिल्ला



जिल्ला प्रशासन कार्यालय, पर्सामा ज्ञापन बुझाउँदै विद्यार्थीहरू । तस्वीरः प्रतीक

प्रशासन कार्यालय, पर्सामा ज्ञापन बुझाएका छन् ।

अनेरास्ववियु, नेविसङ्घ र राष्ट्रिय विद्यार्थी सङ्घ, पर्साले वीरगंज महानगरको शैक्षिक गतिविधि सम्बन्धमा जिल्ला प्रशासन कार्यालयलाई ज्ञापनपत्र बुझाउँदै ध्यानाकर्षण गराएका हुन् । ज्ञापनपत्रमा कोभिड सङ्क्रमण घट्दै गएको र सरकारी तथा निजी कार्यालयसमेत खुलिसकेको अवस्थामा विद्यालय र क्याम्पस दुई सिफ्ट गरी सञ्चालनमा ल्याउन आग्रह गरिएको छ ।

सिनियर र जुनियर गरी दुई चरणमा विद्यालय, क्याम्पस सञ्चालनमा ल्याउन अखिलका अध्यक्ष रामबाबू यादव, नेविसङ्घ पर्साका कावा अध्यक्ष विकेश पटेल र राष्ट्रिय विद्यार्थी सङ्घका अध्यक्ष विक्कीराज पटेलले आग्रह गरेका हुन् ।

उनीहरूले स्वास्थ्य र सामाजिक मापदण्ड कायम गरी जिल्ला प्रशासन, विद्यार्थी सङ्गठनको सहभागितामा अनुगमन गर्नुपर्ने, निषेधाज्ञा अवधिभरको शुल्क मिनहा गर्नुपर्ने, अतिरिक्त शुल्क तथा शुल्क वृद्धि गर्न नपाइने, अङ्ग्रेजी माध्यमको नाममा बढी शुल्क लिइरहेकोले सोको मापदण्ड तय गर्नुपर्ने र वीरगंज महानगरले दिंदै आएको शिक्षावृत्ति विद्यार्थीहरूको योग्यता, क्षमताको आधारमा परीक्षण गरेर दिन आग्रह गरिएको छ ।

## विश्रामपुर गापाको छैटौं गाउँसभा

प्रस, वीरगंज, ९ असार/

बाराको विश्रामपुर गाउँपालिकाको छैटौं गाउँसभा सम्पन्न भएको छ । बुधवार एक कार्यक्रमबीच गापा अध्यक्ष अमिरीलाल पालले छैटौं गाउँसभाको उद्घाटन गरेका हुन् ।

सो अवसरमा उनले गापाले ल्याएको नीति तथा कार्यक्रम सबै मिलेर शतप्रतिशत पूरा गर्ने प्रतिबद्धता जाहेर गरे । उद्घाटन सत्रमा वडाध्यक्ष हृदयनारायण यादवले उपप्रमुख सुमित्रादेवी साहको तर्फबाट नीति तथा कार्यक्रम र आगामी आव २०७८/७९ को लागि रु २९ करोड १९ लाख १२ हजारको बजेट प्रस्तुत गरेका थिए ।

नीति तथा कार्यक्रममा गापाले कृषि, उद्योग, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी, खेलकूद, भवन निर्माण, वृक्षारोपणलगायतका कार्यक्रम

(बाँकी अन्तिम पातामा)

## विचारसार एवं सूक्तिहरू

**वर्षाको थोपा सानै हुन्छ तर निरन्तर खसेर ठूला–ठूला नदीमा पानी भरिन्छ । त्यसैगरी, हाम्रो सानो प्रयासले पनि ठूलो परिवर्तन ल्याउन सक्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# जनता आवास कि मजाक ?

**सरकारले जनता आवास कार्यक्रम लागू गर्नु अघि नै मुलुकलाई खुला दिसामुक्त बनाउने अभियान सञ्चालन गरेको थियो । खुला दिसामुक्त अभियान अहिले कुन अवस्थामा छ, समाचार पनि आउन छाडिसकेको छ । किनभने लेख्न र जिज्ञासा शान्त पार्नका लागि देशमा दिनदिनै नयाँ–नयाँ घटनाहरू भइरहेका छन् । देशको राजनीतिक अवस्था सबैभन्दा रमाइलो परिघटना हो । राजनीतिक दलहरू त त्यसमा अलमलिने नै भए, जनताको पनि सबैभन्दा बढी चाख राजनीतिक समाचारमा रहने गर्दछ । खाँदो न पाउँदो जाइफल धाउँदोजस्तै गरी राजनीतिले जति उपेक्षा गरेपनि जनता भने राजनीति नभई निदाउनै सक्दैन । अहिलेको नेपालको राजनीतिक अवस्था त झन् कहीं नभएको जात्रा हाँडीगाउँको जस्तो छ । त्यसपछि एक वर्षभन्दा बढी समयदेखि कोरोनाले मानिसको ध्यान तानेको छ । देशमा दुईवटा रमाइलो कार्यक्रम चलिरहेको बेला खुला दिसामुक्त अभियानको वास्ता कसले गर्ने ? यस्तोमा जनता आवास कार्यक्रम अन्तर्गत बनेका घरहरूमा बस्ने मानिसले आफ्नो हैसियतले कसरी शौचालय बनाउँछ र खुला दिसामुक्त अभियानलाई सघाउँछ ?**

**नेपालीहरूको प्रवृत्ति अनौठो छ । निम्सरा गरीबका लागि राहतको सामान वितरण हुन थाल्यो भने सबैभन्दा अग्रपङ्क्तिमा धनीहरूको लाम देखिन्छ । जाडोमा काम्लो बाँड्ने कार्यक्रम होस् वा कोरोनाकालमा राशन बाँड्ने काम, गरीबले पाउला नपाउला, धनीले अवश्य पाउँछ । यद्यपि सबै धनी मानिस यस्ता छैनन् तर सित्तैमा पाए चुक घोप्टचाउने मानिसको हाम्रो देशमा कमी छैन । यहाँ त कस्तोसम्म देखियो भने गाउँको धनीमानी, समाजको नाइके र सत्तासीन दलकै मानिस पनि सरकारले शौचालय बनाइदिने योजना ल्याएपछि, त्यो सुविधा नलिएसम्म आफ्नै हैसियतले शौचालय बनाउन तयार भएनन् । अनि जनता आवास कार्यक्रम अन्तर्गत निम्सरा जमातसँग शौचालय आफैं बनाउनुपर्ने आग्रह कसरी पूरा हुन्छ ? खुला दिसा गर्नुहुँदैन भन्ने कुरासम्म नबुझेको र आफूले बनाउनै नसक्ने वर्गका मानिसले कसरी र किन शौचालय बनाउँछ ? शौचालय नभएर उसको प्राकृतिक आवश्यकता पूरा नहुने हो र ? शौचालयको आवश्यकता महसूस गरेको छैन, महसूस भए पनि क्षमता नभएको व्यक्तिले आफैं शौचालय बनाओस् भन्ने अपेक्षा विवेकपूर्ण हुँदै होइन ।**

**सरकारले आफैं ल्याएको खुला दिसामुक्त कार्यक्रमलाई आफैंले नसघाउने हो भने कसरी यो देश खुला दिसामुक्त हुन सक्छ ? खुला दिसा गर्नु, जथाभावी फोहर गर्नु, आफैंले फोहरको आहाल बनाई रमाउनुलाई संस्कृति ठान्ने जनतालाई शौचालयको के आवश्यकता ? बरु सरकारले बनाइदिएको शौचालयलाई बाख्राको खोर, अन्नपानी, दाउरा राख्ने ठाउँको रूपमा प्रयोग गर्ने जनताले किन आफ्नो पैसा खर्च गरेर शौचालय बनाउँछ ? सरकारले आफ्नो अभियानलाई सार्थक बनाउनु छ, मानिस बाहिर दिसापिसाब नगरून् भनेर भएको शौचालय प्रयोग गर्ने बानी बसाल्न कडा नीति–नियम र कार्यान्वयनमा ध्यान दिनुपर्नेमा शौचालयविहीन आवास बनाउनु दिमागको दिवालियापन मात्र हो । गन्तव्य अर्कै, फरक बाटो हिंड्ने भएपछि लक्ष्य प्राप्ति कसरी हुन सक्छ ? यो कुरा खुला दिसामुक्त क्षेत्रको अवधारणामा मात्र होइन, सरकारले थालेको प्रत्येक कार्यक्रमको हविगत हो । पर्सा जिल्लामा बनाइएका जनता आवासमा शौचालय छैन भने अन्यत्र जिल्लामा हुने कुरै भएन । निम्सरा जनताप्रति सरकारको दायित्वको योभन्दा राम्रो नमूना के हुन सक्छ ? यसलाई आवास कार्यक्रम भन्ने गरीबसँग गरिएको सरकारी मजाक ?**

# स्थानीय बजेटका पाँच विशिष्ट पक्ष

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**स्थानीय तहले स्थानीय स्वरूपको विकास पनि गर्न सक्नुपर्थ्यो, जुन खासै कतैबाट हुन सकेको नपाइएको धेरैको धारणा छ । विकासको स्थानीय मोडेल र स्थानीयताको पहिचानको सवाल पूर्णतया ओझेलमा परेको आलोचकहरूको भनाइ छ ।**

कानूनी व्यवस्था अनुसार अहिले स्थानीय सरकार नीति तथा कार्यक्रम निर्माण र बजेट निर्माणमा जुटेको छ । सर्वसाधारणलाई बजेटसित मतलब हुन्छ । बजेटको सैद्धान्तिक स्वरूप, नीति तथा कार्यक्रमसित त्यति नजीक हुँदैन । अझ कतिपय अवस्थामा नीति तथा कार्यक्रम एकातिर र बजेट अर्कोतिर गएको पनि देखिन्छ । गत वर्षदेखि विभिन्न प्रदेशको नीति तथा कार्यक्रम र बजेट सन्तुलनमा अलिक गहिरिएर विश्लेषण गरिन थालिएको छ । यसैगरी बजेट निर्माण गर्ने र त्यसलाई त्यसै अनुरूप कार्यान्वयनमा लैजाने पक्ष पनि महत्त्वपूर्ण हुन्छ । अहिले यो पनि आलोचना हुन थालेको छ कि बजेटको शीर्षकभन्दा बाहिर गएर कतिपय स्थानीय सरकारले खर्च गर्ने गरेका छन् । हुन त बजेट सूत्रानुसार खर्च हुने व्यवस्था रहेको छ । सूत्रमा नपरेको बजेट खर्च गर्दा कतै न कतै मिलाउन समस्या हुन्छ र सूत्रभन्दा बाहिर गएर अधिक खर्च हुन पुग्यो भने मिलाउन धेरै गाह्रो पर्ने हुन्छ । यी र यस्ता प्राविधिक कुराहरू हुँदाहुँदै पनि गत चार वर्षमा बजेट चलाइसकेका स्थानीय सरकारहरू यो पाँचौं बजेट निर्माण गर्दैछन् । नीति तथा कार्यक्रम निर्माण, योजना छनोट, बजेट बाँडफाँड तथा कार्यान्वयन आदि सबै पक्षमा नीतिगत र व्यावहारिक भएर स्थानीय सरकारले धेरै कुरा बुझिसकेको अवस्था छ । यसै धरातलमा अहिलेको बजेट निर्माण भइरहेको छ ।

बजेट निर्माण र कार्यान्वयनमा सङ्घीयताको मर्म बुझ्नेहरूले स्थानीय सरकारले खासै नवीनता ल्याउन नसकेको आलोचना गर्ने गरेका छन् । स्थानीय विषयका मुख्य विशिष्टतालाई अधिकांश स्थानीय सरकारले ध्यान नै नदिएको र अधिकांश बजेट, निर्माण तथा कार्यान्वयन एकअर्काको देखासिकी वा तदर्थवादमा आधारित रहेको पाइएको आरोप रहेको छ । बजेटको अर्थ भौतिक पूर्वाधारको विकासमात्र हो भन्ने कुरालाई गत चार वर्षमा स्थानीय सरकारहरूले स्थापित गरेको मान्यता हो । वास्तवमा केन्द्र सरकारले पहिलेदेखि नै यही गर्दै आएको थियो र अहिले प्रदेश तथा स्थानीय सरकारले पनि केवल भौतिक पूर्वाधारलाई नै विकासको पहिलो शर्त मानेको देखिएको छ । स्थानीय सरकारले भौतिक पूर्वाधारमा लगानी गर्नैहुँदैन भन्ने होइन । स्थानीय सरकारको कारण भौतिक पूर्वाधार र मुख्यगरी सडकको क्षेत्रमा एउटा क्रान्ति नै भएको छ तर सबै तहको सरकारको लगानी यदि सडक र पुलमा नै हुने हो भने स्थानीयताको मूल्य र मान्यता कहाँ जान्छ ? स्थानीय तहले स्थानीय स्वरूपको विकास पनि गर्न सक्नुपर्थ्यो जुन खासै कतैबाट हुन सकेको नपाइएको धेरैको धारणा छ । विकासको स्थानीय मोडेल र स्थानीयताको पहिचानको सवाल पूर्णतया ओझेलमा परेको आलोचकहरूको भनाइ छ । यस सन्दर्भमा अनेक तर्कहरू दिने गरिएको पाइन्छ । वास्तवमा जनप्रतिनिधिहरूले सर्वसाधारणको जुन चाहनाको अभिव्यक्ति दिन्छन्, विकासमा सोही प्रतिविम्बित हुने गरेको छ । यद्यपि भौतिक पूर्वाधारलाई महत्त्व दिंदै स्थानीय पहिचानका कम्तीमा पाँच विशिष्ट पक्षमा बजेट विनियोजन गरी दृढतापूर्वक कार्यान्वयन आवश्यक देखिएको छ ।

**स्थानीय पहिचान** : स्थानीय तहको मुख्य पहिचान के हो ? के के वा कुन कुन कुराले स्थानीय तहलाई अरूभन्दा पृथक बनाएको छ ? ती कुराहरूको अवस्था कस्तो छ ? सम्भव भएसम्म विशिष्ट पहिचानको रक्षा गर्नुपर्छ । अझ त्यसको विकास र विस्तार गरिनु आवश्यक छ । देशमा ती विशिष्टताको महत्त्व के छ ? वा कसरी अन्य जिल्ला वा छिमेकी पालिकाभन्दा बढी महत्त्वपूर्ण र फरक रहेको छ ? के यसले भविष्यमा आफ्नो पालिकाको वा सन्तानको परिचय विस्तार गर्न सक्छ ? भविष्यमा पर्यटनको आधार त बन्दैन ? आफ्नो स्थानीय तहको पहिचान विशिष्टीकृत गर्न स्थानीय सरकारहरूको ध्यान जानै सकेको छैन । यसले गर्दा स्थानीय सरकारले आफ्नै परिचय स्थापित गर्न सकेको छैन ।

**मातृभाषा** : यस देशमा कति भाषा बोलिन्छ भन्ने कुरा त भाषा आयोगले निर्क्योल गर्ला तर आफ्नो पालिकामा कुन–कुन भाषा बोलिन्छ ? यसबारे स्थानीय सरकारहरूले राष्ट्रिय जनगणनाको नतीजालाई आधार मान्ने गरेका छन् र कतिपय सन्दर्भमा यसबारे लेख्नुपर्दा वा बोल्नुपर्दा सोही आधारमा तर्क वा तथ्य दिने गर्दछन् । वास्तवमा कुन स्थानीय तहमा कुन कुन भाषा बोलिन्छ, कुन भाषाको वक्ता कहाँ छ, कुन भाषा लोपोन्मुख अवस्थामा छ र कुन भाषालाई स्थानीय सरकारले संरक्षण गरी अन्य पालिका वा जिल्ला वा देशको ध्यान तान्न सकिन्छ भन्ने जस्ता अमूर्त कुरामा ध्यान दिएको पाइँदैन ।

**संस्कृति** : जसरी यस देशमा धेरै भाषा बोलिन्छ, त्यसैगरी धेरै संस्कृति रहेका छन् । एउटै संस्कृतिलाई फरक फरक ठाउँमा फरक फरक किसिमले मनाउने गरेको पाइन्छ । एउटै संस्कृति फरक फरक किसिमले मनाइने अवस्थामा पनि फरक फरक स्वरूपको संरक्षण उचित हुन्छ । जहाँको जस्तो सांस्कृतिक धरोहर छ, त्यसको संरक्षण र संवर्द्धन आवश्यक छ । स्थानीय सरकारले जुन चलनचल्तीका संस्कृति छन्, त्यसबारे शुभकामना आदानप्रदान गर्नेगरी त्यतिमैं सीमित रहेको पाइयो । स्थानीय र मौलिक संस्कृतिको पहिचान, संरक्षण तथा प्रवर्द्धन गरी त्यसको मौलिकतामा गर्व गर्ने अवसरबाट वञ्चित हुन पुग्यो र यसको धरातलमा संस्कृतिको क्षयीकरण हुन सहयोग पुगेको देखियो । संस्कृति संरक्षणमा स्थानीय सरकारहरू चुकेकै हुन्, यसका दुई मत छैन ।

**स्थानीय शिक्षा** : सरकारले आधारभूत तहमा एक सय पूर्णाङ्कको स्थानीय विषय राखेको छ । यसलाई ऐच्छिक पनि भन्ने गरिएको छ । यसमा मातृभाषा हुनुपर्ने हो भन्ने अर्थ पनि लगाइन्छ । वास्तवमा हरेक स्थानीय तहले आफ्नोपनबारे विद्यार्थीलाई जानकारी दिन पनि यसको उपयोग गर्न सकिन्थ्यो । काठमाडौं महानगरपालिकाले अनिवार्य विषयको रूपमा नेवारी भाषाको पाठ्यपुस्तक लागू गर्न थालेको समाचार केही दिन पहिले आएको थियो । यो कुरा त्यही विषयसित सम्बन्धित रहेको छ तर अधिकांश पालिका यस विषयमा पूर्णतया मौन रहेको पाइएको छ जसले गर्दा विद्यालयहरूमध्ये अधिकांशले ऐच्छिक विषय अङ्ग्रेजी राखेको पाइएको छ । जहाँ स्थानीय विषय हुनुपर्ने हो त्यहाँ अन्तर्राष्ट्रिय विषय राखेर यो तर्क दिइन्छ कि सानैदेखि बालबालिकालाई त्यस अनुरूपको शिक्षा दिनुपर्दछ । अन्य सबै विषय अङ्ग्रेजीमा पढाउन पाउने छुट पनि छ तर पनि स्थानीय शिक्षालाई पूर्णतया उपेक्षा गरिएको पाइएको छ । स्थानीय सरकारहरूले न स्थानीय शिक्षाको महत्त्व बुझे, न सरकारले ल्याएको नीति राम्रो होला र अन्तर्राष्ट्रिय समुदायले भनिरहेको कुरा हो भनेर मानिदिए पनि हुन्छ भन्दै मानिदिएर लागू गर्नेतर्फ नै ध्यान दिन सके ।

**स्थानीय खेलकूद** : स्थानीय सरकारले अहिलेसम्म खेलकूदको नाममा केवल क्रिकेट प्रतियोगिता सञ्चालन गरेको पाइएको छ । त्यो पनि युवाहरूको चाहनामा । खेलकूदको क्षेत्रमा स्थानीय सरकारले गर्नुपर्नेभन्दा नगर्नुपर्ने बढी गरेको छ । गर्नुपर्ने चाहिं भुसुक्कै बिर्सेको छ वा गर्नै चाहेको छैन । अहिले पालिका प्रमुख रहेकाहरूले आफ्नै बाल्यकाल सम्झिंदा हुन्छ कि बाल्यकालमा के कस्ता खेल थिए र अहिले ती खेल कहाँ हराए । ती खेलमध्ये कतिपय त पालिकास्तरीय प्रतियोगिता गराएर प्रमुख खेलाडीहरूलाई प्रोत्साहन दिनुपर्ने हो । गाउँघरका पुराना परम्परागत खेलहरू बचाउन अहिलेको स्थानीय सरकारले केही पनि नगरेर बिगार्ने काम गरेको देखिन्छ । परम्परागत स्थानीय खेलकूदको वातावरण किन बनाउन सकिएन ? यसको जवाफ दिन स्थानीय सरकार सक्षम छ जस्तो लाग्दैन किनभने यतातिर सोच्ने फुर्सद नै छैन ।

पालिकास्तरीय साहित्यिक कार्यक्रम, सङ्गीत महोत्सव, परम्परागत खेलकूद आयोजन आदि गर्नुपर्ने सुझाव दिन सकिन्छ । सबैले राम्रो भन्ने तर राम्रो कामको शुरूआत गर्न पनि बजेट आवश्यक पर्ने हुनाले अहिले पालिकाहरूले धमाधम नीति तथा कार्यक्रम र बजेट बनाइरहेको समयमा स्थानीय केही महत्त्वपूर्ण र विशिष्ट पक्षमा नियमानुसार ध्यान दिने हो र कर्तव्य सम्झेर सकारात्मकरूपमा विचार गरी इमानदारीपूर्ण कार्यान्वयन गर्ने हो भने गर्नुपर्ने असल काम धेरै छन् । केही पक्षमा स्थानीय सरकारले ध्यान दिनैपर्ने भएको छ ।

# ठोरीमा सामी कार्यक्रमबारे छलफल

प्रस, ठोरी, ९ असार/




वैदेशिक रोजगारमा रहेकाहरूको परिवारजनका लागि ठोरी गाउँपालिकामा लागू भएको सुरक्षित आप्रवासन परियोजना (सामी) कार्यक्रमको अवस्था र प्रभावबारे छलफल भएको छ । जिल्ला समन्वय समिति पर्साका पदाधिकारीहरू सम्मिलित टोलीले बुधवार कार्यक्रम स्थलमा पुगेर अनुगमन साथै छलफल गरेको हो ।

सामी परियोजना अन्तर्गत वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूका परिवारजनका लागि वित्तीय साक्षरता र मनोसामाजिक परामर्शलगायतका कार्यक्रमहरू सञ्चालनमा छन् । स्वीस सरकारको सहयोग तथा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हेल्भेटास नेपालको प्राविधिक सहयोगमा कार्यक्रम सञ्चालन गरेको हो ।

अनुगमन टोलीका सहभागीहरूले वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षाको स्थलगत अवलोकनका साथै कार्यक्रममा आबद्ध महिला सदस्यहरूसँग अन्तक्रिया तथा छलफल गरेका जिल्ला समन्वय समिति पर्साका समन्वय अधिकारी छविरमण भट्टराईले जानकारी दिए ।

अन्तर्क्रियामा सहभागी महिलाहरूले वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षामा सहभागी भएपछि हासिल गरेका उपलब्धिहरूबारे चर्चा गरेका थिए । सुरक्षित वैदेशिक रोजगारका विविध पक्षका साथै वैदेशिक रोजगारबाट आर्जन गरेको रकमको सदुपयोग एवं बचत र आयमूलक व्यवसाय सञ्चालन सम्बन्धमा कार्यक्रमले पथप्रदर्शकको भूमिका निर्वाह गरेको महिला सहभागीहरूले बताए ।

टोलीमा जिल्ला समन्वय समिति पर्साका प्रमुख नेकमहम्मद अन्सारी, उपप्रमुख ठाकुरप्रसाद न्यौपाने, ठोरी गापा अध्यक्ष पद्मलाल श्रेष्ठ, हेल्भेटासका कार्यक्रम अधिकृत शिवचरण रौनियार, वीरगंज महानगरको आर्थिक प्रशासन शाखा प्रमुख रामदयाल यादवलगायतको सहभागिता थियो ।

सामी परियोजनाले वैदेशिक रोजगारमा जान चाहने युवालाई पनि सचेत बनाउने र मनोसामाजिक परामर्श दिने गरेको छ ।

पर्सामा ठोरी गापा, सखुवाप्रसौनी गापा, पर्सागढी नपा र वीरगंज महानगरपालिकामा सामी परियोजना चालू आवदेखि लागू छ । परियोजना सञ्चालन गर्न आव २०७८/७९ का लागि ठोरी, सखुवाप्रसौनी र पर्सागढीका लागि २०/२० लाख रुपैयाँ साथै वीरगंज महानगरपालिकाका लागि ६२ लाख रुपैयाँ बजेट दातृ निकायले उपलब्ध गराएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या ५० हजारमा झर्‍यो

नयाँ दिल्ली, ९ असार/पिटिआई

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या घट्दै गएर अहिले ५० हजारमा झरेको छ।


तस्वीरः फाइल

त्यसैगरी, कुल सङ्क्रमितको सङ्ख्या भने तीन करोडभन्दा बढी पुगेको अधिकारीहरूले जानकारी दिएका छन्।

कुल सङ्क्रमितमध्ये पछिल्ला एक करोड पछिल्लो ५० दिनमा थपिएको सङ्घीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार भारतमा कोरोना भाइरसबाट कुल सङ्क्रमितको सङ्ख्या तीन करोड २८ हजार २०९ पुगेको छ।

पछिल्लो २४ घण्टामा भने ५० हजार ८४८ जना सङ्क्रमित थपिएको मन्त्रालयका अधिकारीहरूले बुधवार जानकारी दिएका छन्।

सोही अवधिमा भारतमा कोरोनाका कारण एक हजार ३५८ जनाको मृत्यु भएको छ। योसँगै भारतमा अहिलेसम्म मृत्यु हुने कुल सङ्क्रमितको सङ्ख्या भने तीन लाख ९० हजार ६६० पुगेको छ। महामारी अन्त्य नभएको र मृत्यु हुनेक्रम नरोकिएकाले कुल मृतकको सङ्ख्या केही दिनमा चार लाख पुग्ने देखिएको छ।

भारतमा पछिल्ला केही दिनदेखि दैनिक सङ्क्रमित र मृतकको सङ्ख्या घट्दै गइरहेको छ।

स्वास्थ्य मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार पछिल्लो २४ घण्टामा भारतमा ५४ लाख २४ हजारभन्दा बढीलाई कोरोनाविरुद्धको खोप लगाइएको छ।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थामैं रहेकाहरूको कुल सङ्ख्या छ लाख ४३ हजार १९४ रहेको छ। सक्रिय सङ्क्रमितको सङ्ख्या पनि अहिले कम हुँदै गएको हो। त्यसैगरी, पछिल्लो एक दिनमा भारतमा १९ लाख एक हजार ५६ जनाको कोरोना परीक्षण गरिएको छ। योसँगै भारतमा अहिलेसम्म कुल ३९ करोड ५९ लाख ७३ हजार १९८ पटक परीक्षण भएको छ। रासस

## अफगानिस्तानको अवस्थाप्रति चिनियाँ कूटनीतिज्ञको चासो

राष्ट्रसङ्घ, न्यूयोर्क, ९ जेठ/सिन्हवा

अफगानिस्तानमा जारी पछिल्ला हिंसात्मक घटनाप्रति चीनका वरिष्ठ कूटनीतिज्ञले मङ्गलवार चासो व्यक्त गरेका छन्।

उनले अफगानिस्तानमा देखा परेका समस्याको समाधानका लागि अन्तर्राष्ट्रिय समुदायले मदत गर्न आह्वान पनि गरे।

अफगानिस्तानको वर्तमान परिस्थिति गम्भीर मोडमा पुगेको र अनिश्चितताको नयाँ चरणमा प्रवेश गरेको देखिएको छ। संयुक्त राज्य अमेरिका र नेटोले आगामी सेप्टेम्बर ११ अघि नै अफगानिस्तानमा तैनाथ सैनिक फिर्ता लैजाने घोषणा गरेसँगै परिस्थिति थप जटिल बनेको छ।

अन्तरअफगान मध्यस्थता वार्तामा प्रगति हुनुको साटो अझ जटिलता थपिएको छ। सुरक्षा अवस्था पनि निरन्तर खस्किंदो अवस्थामा छ भने आर्थिक तथा मानवीय अवस्था कमजोर हुँदै गएको छ, राष्ट्रसङ्घका लागि चीनका स्थायी प्रतिनिधि झाङ जुनले बताए।

सुरक्षा परिषद् बैठकमा झाङले भने, “चीन यस अवस्थाका बारेमा गहिरो चासो व्यक्त गर्दछ।

अफगानिस्तानको वर्तमान अवस्था सिर्जना भइरहेका कारणका बारेमा हामीले निकै ध्यानपूर्वक विचार गर्नु आवश्यक छ। अफगानिस्तानमा दिगो स्थायित्व हासिल गर्न सबै पक्षले ध्यान दिनु आवश्यक छ।”

अफगानिस्तानको भविष्य अफगानी जनताकै हातमा छ, र भावी राजनीतिक व्यवस्थाका बारेमा पनि स्वतन्त्रतापूर्वक निर्णय गर्ने अधिकार अफगानी जनतालाई नै दिनुपर्दछ, उनले भने।

अन्तर्राष्ट्रिय समुदायले अफगानी नेतृत्व र अफगानी जनताकै स्वामित्वको सिद्धान्तबाट अघि बढ्नुपर्ने बताउँदै उनले अफगानिस्तानमा शान्ति प्रक्रियालाई स्वच्छ र पारदर्शीरूपमा अगाडि बढाउनुपर्दछ भने।

झाङले अफगानिस्तानका सबै पक्षले मुलुक र यसका जनताको चासोलाई ध्यानमा राख्नुपर्दछ भन्दै अफगानिस्तानको राष्ट्रिय अवस्थालाई सुहाउँदो शासकीय मोडेल र विकास मार्ग चुन्न सक्ने वातावरण बनाउनुपर्ने बताए।

चीनले अफगानिस्तानमा शान्ति प्रक्रियामा मदत गर्न, मध्यस्थता गर्न र सहजीकरण गर्न निरन्तर मदत गरिरहने उनले बताए। रासस

## कोभिड–१९ पुनरुद्धार योजनामा युरोपेली आयोगको सहमति

ब्रसेल्स, ९ असार/सिन्हवा

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन लायनले युरोपेली आयोगमा आबद्ध तीन मुलुकको कोभिड–१९ आर्थिक पुनरुद्धार योजनालाई अनुमोदन गरेको बताएकी छन्।

आयोगले कोभिड–१९ पश्चात् इटाली, जर्मनी र लातभियाको आर्थिक पुनरुद्धार योजनालाई स्वीकृत गरेको हो। आयोगकी अध्यक्ष लायनले तीनै मुलुकको भ्रमण पनि गरेकी छन्।

इटालीमा लायनले इटालीका प्रधानमन्त्री मारियो ड्रागीसँग भेटवार्ता गरेकी थिइन्। प्रधानमन्त्री ड्रागीसँगको भेटपछि ट्वीट गर्दै लायनले इटालीका लागि ९० करोड अमेरिकी डलरको आर्थिक पुनरुद्धार योजना स्वीकृत गरेको बताएकी छन्।

युरोपेली आयोगबाट सर्वाधिक ठूलो आर्थिक सहायता प्राप्त गर्नेमा इटाली रहेको छ। आयोगका अनुसार इटालीले अनुदानबापत ६८.९ अर्ब युरो र ऋणबापत १२२.६ अर्ब युरो प्राप्त गर्नेछ।

यसैगरी, जर्मनीले स्वास्थ्य सेवा र सार्वजनिक प्रशासनको डिजिटलाइजेशनका लागि सहायता प्राप्त गर्नेछ। जर्मनीका चान्सलर एन्जेला मर्केलले जर्मनीले हाइड्रोजन, माइक्रोइलेक्ट्रोनिक्स, क्लाउड र डेटा प्रोसेसिङका क्षेत्रमा लगानी बढाउने बताएकी छन्।

आयोगकी अध्यक्ष लायनले लातभियाको आर्थिक पुनरुद्धार योजनाका बारेमा पनि घोषणा गरिन्। गत वर्ष, युरोपेली आयोगका नेताहरूले कोरोना भाइरस महामारीको आर्थिक तथा सामाजिक असरलाई सम्बोधन गर्न व्यापक आर्थिक पुनरुद्धार कोष स्थापना गर्न सहमति जनाएका थिए। रासस

## चीनद्वारा चार कम्पनीलाई कोभिड–१९ को खोप बिक्री अनुमति

बेइजिङ, ९ असार/सिन्हवा

चीनले कोभिड–१९ विरुद्धको खोप निर्माण गर्ने चारवटा कम्पनीका खोपलाई विदेश निर्यातका लागि खुला गरिदिएको छ।

यी खोपहरूलाई चीनभित्र शर्तसहित बजारमा बिक्री गर्न अनुमति प्राप्त भइसकेको छ।

चीनले विदेशमा खोप बिक्री गर्न अनुमति दिएका कम्पनीहरूमा बेइजिङ इन्स्टिच्यूट अफ बायोलजिकल प्रडक्ट्स, सिनोभाक लाइफ साइन्सेज कम्पनी, क्यानसिनो बायोलजिक्स कम्पनी र वुहान इन्स्टिच्यूट अफ बायोलजिकल प्रडक्ट्स कम्पनी रहेका छन्।

चीनको वाणिज्य मन्त्रालयका अनुसार बेइजिङ इन्स्टिच्यूट अफ बायोलजिकल प्रडक्ट्स र सिनोभ्याकका दुई किसिमका खोपले विश्व स्वास्थ्य सङ्गठनबाट यसअघि नै आपत्कालीन प्रयोगका लागि अनुमति प्राप्त गरिसकेका छन्। यी खोपहरू चीनको ठूलो जनसमूहलाई प्रदान गरिएको छ भने विश्वका १०० भन्दा बढी मुलुकले स्वीकृत गरिसकेका छन्, वाणिज्य मन्त्रालयका वरिष्ट अधिकारी लि झिङक्वीनले बताइन्। उनले सबै मुलुकलाई खासगरी विकासशील मुलुकहरूलाई सस्तो मूल्यमा गुणस्तरीय खोप उपलब्ध गराउने चीन सरकारको नीतिलाई खोप उत्पादक कम्पनीहरूले पनि ध्यान दिने विश्वास व्यक्त गरिन्।

चिनियाँ अधिकारीहरूले कोभ्याक्ससँगको साझेदारीलाई अझ सुदृढ गर्न चीनले निरन्तर मदत गर्ने पनि बताएका छन्।

चीनको वाणिज्य मन्त्रालयले चीनबाट खोप खरीद गर्नका लागि विदेशी मुलुकलाई सहयोग गर्न चीन तत्पर रहेको पनि जनाएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – कडाश्रम |
| सिंह – सुसमाचार | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनलाभ |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## प्रदेश नं २ को विकास ११ महीनामा ३० प्रतिशत मात्रै

प्रस, जनकपुरधाम, ९ असार/

प्रदेश नं २ मा चालू आर्थिक वर्षको ११ महीनामा करीब ३० प्रतिशत मात्र विकास खर्च (पूँजीगत खर्च) भएको छ। चालू आर्थिक वर्षका लागि प्रदेश सरकारले कुल रु १९ अर्ब १९ करोड ८ लाख १८ हजार पूँजीगत बजेट विनियोजन गरेको थियो।



तस्वीरः फाइल

उक्त बजेटमध्ये चालू आर्थिक वर्षको ११ महीनामा सरकारले कुल रु ५ अर्ब ६८ करोड ६५ लाख मात्र खर्च गर्न सकेको देखिएको छ। प्रदेश २ को खर्च भएको रकम कुल पूँजीगत खर्चको २९.८० प्रतिशत हो।

प्रदेश लेखा नियन्त्रण कार्यालय जनकपुरधामका अनुसार नियमित अर्थात् चालू खर्चतर्फ सरकारले रु १३ अर्ब ३३ करोड ६९ लाख १६ हजार बजेट विनियोजन गरेकोमा सो अवधिमा रु ४ अर्ब ९६ करोड ९२ लाख मात्र खर्च भएको छ। यो कुल चालू खर्चको ३७.२५ प्रतिशत रहेको प्रदेश लेखा नियन्त्रण कार्यालयका लेखा अधिकृत मनोजकुमार झाले बताए।

कार्यालयका अनुसार यस अवधिमा सबैभन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालयले खर्च गरेको छ। मन्त्रालयले विनियोजित कुल बजेटको ४१.१४ प्रतिशत खर्च गरेको देखिन्छ। सो मन्त्रालयले विनियोजित बजेटको चालूतर्फ रु ३५ करोड ६० लाख ८१ हजार र पूँजीगततर्फ रु ३ अर्ब ४७ करोड ३ लाख ४५ हजार खर्च गरेको छ।

यसैगरी, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सो अवधिमा सबैभन्दा कम अर्थात् १३.८ प्रतिशत मात्र बजेट खर्च गरेको छ। सो अवधिमा चालूतर्फ रु ३४ करोड १० लाख ६१ हजार र पूँजीगततर्फ रु ११ करोड १४ लाख ८४ हजार खर्च गरेको प्रदेश लेखा नियन्त्रण कार्यालयले जनाएको छ।

त्यस्तै, चालू आर्थिक वर्षको ११ महीनामा आर्थिक मामिला तथा योजना मन्त्रालयले विनियोजित कुल बजेटको ३६.३५ प्रतिशत बजेट खर्च गरेको छ। मन्त्रालयले सो अवधिमा चालूतर्फ रु ७ करोड ६ लाख ८६ हजार र पूँजीगततर्फ रु १ करोड ८० लाख १० हजार खर्च गरेको छ।

त्यसैगरी, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले सो अवधिमा ३२.८ प्रतिशत बजेट खर्च गरेको छ। तीमध्ये चालूतर्फ रु ६६ करोड ४३ लाख ४८ हजार र पूँजीगततर्फ रु ४० करोड ५४ लाख ६० हजार गरी रु एक अर्ब ६ करोड ९८ लाख ९ हजार खर्च गरेको छ।

यसैगरी, चालू आर्थिक वर्षको ११ महीनामा सामाजिक विकास मन्त्रालयले चालूतर्फ रु एक अर्ब ५२ करोड २१ लाख र पूँजीगततर्फ रु ५८ करोड चार लाख एक हजार गरी कुल रु दुई अर्ब आठ करोड २५ लाख खर्च गरेको छ। त्यस्तै, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सो अवधिमा २४.२४ प्रतिशत बजेट खर्च गरेको छ। तीमध्ये चालूतर्फ रु २० करोड र पूँजीगततर्फ रु ९२ करोड ७८ लाख ७८ गरी कुल रु एक अर्ब १२ करोड २४ लाख खर्च गरेको लेखा अधिकृत झाले जानकारी दिए।

आन्तरिक मामिला तथा कानून मन्त्रालयले चालूतर्फ रु १० करोड ७ लाख ५३ हजार र पूँजीगततर्फ रु १७ करोड १३ लाख ४१ हजार खर्च गरेको छ।

प्रदेश सरकारले चालू आर्थिक वर्षको ११ महीनामा कुल रु १० अर्ब ६५ करोड ५७ लाख खर्च गरेको छ। यो कुल बजेटको ३१.४७ प्रतिशत रहेको प्रदेश लेखा नियन्त्रण कार्यालयले जनाएको छ।

## चुलो बाल्न युवाहरूको सहयोग

प्रस, महोत्तरी, ९ असार/

महोत्तरी जिल्लाको गौशाला नगरपालिका–४ मल्हनियाँ पोखरीका ४३ घर दलित परिवारलाई राहत वितरण गरिएको छ। वैदेशिक रोजगारमा अरब मुलुकमा रहेका युवाहरूले ‘चुलो ननिभ्न’ भन्दै राहत पठाएका हुन्।

कोभिड–१९ महामारीको कारण रोजगार गुमेर भोकै बस्नुपर्ने अवस्थाका मुसहर परिवारलाई राहत प्रदान गरिएको सामाजिक संस्था टाइगर समाज सेवा टीम गौशालाले जनाएको छ। वैदेशिक रोजगारको क्रममा अरब मुलुकमा कार्यरत महोत्तरी जिल्लाका ८० जना युवाले पठाएको दुई लाख रुपैयाँ रकमबाट समाज सेवा टीमले खाद्यान्न र सरसफाइका लागि अत्यावश्यक सामग्री खरीद गरी दलित परिवारलाई वितरण गरेको हो।

वितरित सामग्रीमा प्रतिपरिवार चामल १५ किलो, दाल २ किलो, आलु ५ किलो, खानेतेल १ लिटर, नून १ किलो, चिउरा २ किलो र डिटोल साबुन ५ वटा रहेको सेवा टीमले जनाएको छ। साँझ र बिहान चुलो बल्न छाडेको अवस्थामा पाएको राहत आफूहरूको लागि जीवनदान सरह भएको दलित बस्तीका ईन्द्रा सदा मुसहरले बताए।

कोरोना महामारीको कारण बाहिर निस्कन नपाएपछि आफूहरूको ज्याला मजदूरी तथा रोजीरोटी गुमेकोले बिहान र बेलुका छाक टार्न समस्या परेको उनले बताए।

युवाहरूले विदेशबाट पठाएको सहयोग रकमबाट जिल्लाका १०८ परिवारलाई प्रतिपरिवार रु दुई हजार बराबरको सामग्री नघट्ने गरी वितरण गर्न लागिएको सेवा टीमले जनाएको छ।

## बैंकिङ कसूरका फरार अभियुक्त पक्राउ

प्रस, सप्तरी, ९ असार/

जिल्ला प्रहरी कार्यालय सप्तरी र अदालतको टोलीले बैंकिङ कसूर मुद्दाका फरार एकजना अभियुक्तलाई बुधवार पक्राउ गरेको छ।

बैंकिङ कसूर मुद्दामा सात लाख रुपैयाँ जरिवाना र दश दिन कैद हुने ठहरपश्चात् फरार सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं १२ अर्नाहा निवासी महमद युसुफलाई पक्राउ गरिएको हो। स्थानीय मो. हमिदको जाहेरीको आधारमा छानबीन गर्दा युसुफले बैंकिङ कसूर गरेको उच्च अदालत जनकपुरले गत चैत १९ गते ठहर गरेको थियो। दश दिन कैद र सात लाख रुपैयाँ जरिवाना हुने फैसला भएपछि उनी फरार थिए।

जिल्ला प्रहरी कार्यालय सप्तरी र उच्च अदालतको डोर टोली गाउँमैं पुगेर युसुफलाई फेला पारी पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक उदयभान द्विवेदीले जानकारी गराए।

अदालतले अभियुक्तलाई कैद, जरिवाना भुक्तानका लागि राजविराज कारागार पठाएको छ।

## राजमार्गमा गुडिरहेको टिपरमा आगलागी

प्रस, सिराहा, ९ असार/

सिराहाको कर्जन्हा नगरपालिका वडा नं १० प्रयागपुरस्थित पूर्व–पश्चिम राजमार्गमा गुडिरहेको टिपरमा आगलागी भएको छ। बुधवार बिहान गुडिरहेको टिपरमा अचानक आगलागी भएपछि टिपरका चालकले हाम फालेर ज्यान जोगाएका थिए।

इँटा बोकेर पश्चिमबाट पूर्वतर्फ गइरहेको ना.१क ५५५१ नंको टिपरमा आगलागी भएको र आगलागीबाट टिपर जलेर पूर्णरूपमा नष्ट भएको ट्राफिक प्रहरीले जनाएको छ।

समयमा आगो निभाउन नसक्दा टिपर पूर्णरूपमा नष्ट भएको स्थानीयको भनाइ छ। घटना अनौठो भएकोले सोबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायब उपरीक्षक राजेन्द्र श्रेष्ठले जानकारी दिए।


## हार्दिक समवेदना

जन्मः २०४७/०९/२७


स्व. अंकित हरि जोशी (कुश)

स्वर्गारोहणः २०७८/१/२३

मेरो नाति ई. **अंकित हरि जोशी (कुश)**को अल्पायुमैं असामयिक निधन भएकोमा आज ४५औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति भगवान् श्री पशुपतिनाथले प्रदान गरून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं।

**हजुरबुबाः हेरम्बप्रसाद जोशी**

**मामा / माइजू**
रमेश जोशी / लता जोशी
दिनेश जोशी / रश्मि जोशी

**दाजु / भाउजू**
रजुल जोशी / डा दीक्षा जोशी
प्रजुल जोशी / अञ्जु जोशी

**भाइ**
दिवेश जोशी, रनिश जोशी

**भतिजी**
प्रियसा, श्रृनिका, रभ्या

*एवं समस्त जोशी परिवार*



निषेधाज्ञा खुकुलो भएपछि वीरगंजबाट ग्रामीण क्षेत्रमा फर्किंदै गर्दा तिलावे पुलमा लागेको जाम । तस्वीरः प्रतीक

## दलित बस्तीमा हाँस र सोलार वितरण

प्रस, सिराहा, ९ असार/

बिजुलीबत्ती नपुगेको विपन्न दलित बस्तीमा गाउँपालिकाले सोलार बत्ती र जीविकोपार्जनको लागि हाँस वितरण गरेको छ । सिराहा जिल्लाको सखुवानन्कारकट्टी गाउँपालिकाले पालिकास्थित दलित परिवारलाई सोलार बत्ती र हाँस वितरण गरेको हो ।

यस क्रममा गाउँपालिकाका अध्यक्ष केदारनाथ यादवले १४ घर दलित परिवारलाई सोलार बत्ती र हाँस वितरण गरेका हुन् । यसैगरी, बुधवार आयोजित कार्यक्रममा वडा नं २ पटना सोठियाइनका २५ घर र वडा नं ३ पोर्ताहाका २५ दलित परिवारलाई हाँसपालनको लागि खोर र हाँसको दानासमेत वितरण गरिएको सो पालिकाले जनाएको छ ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष यादवले विपन्न मुसहर समुदायको आर्थिक अवस्था उकास्नका लागि विभिन्न सीपमूलक तालीमका सथौ हाँस, कुखुरा वितरण गरिएको बताए ।



प्रदेश नं २ का प्रदेश प्रमुख डा राजेश झासहितको टोली बुधवार वीरगंजमा आएर विभिन्न व्यक्तित्वहरूको सालिकमा माल्यार्पण गरी फर्केको छ । घण्टाघरस्थित स्व रामजनम तिवारीको सालिकमा माल्यार्पण गरिएको थियो भने सोसँगै रहेको शहीद पार्कमा राखिएका मधेसी शहीदहरूको सालिकमा माल्यार्पण गरिएको थियो । यसैगरी, रजतजयन्ती चोकस्थित महाकवि विद्यापतिको सालिकमा माल्यार्पण गरिएको थियो । तस्वीरः नितेश कर्ण

## पशुपक्षीपालकलाई निश्शुल्क औषधि

प्रस, पंचगावाँ, ९ असार/

सखुवाप्रसौनी गाउँपालिकाले पशुपक्षीमा लाग्ने रोगविरुद्धको औषधि निश्शुल्क वितरण गरेको छ ।

पशु चौपायामा लाग्ने विभिन्न थरीका औषधि रोग लाग्नुपूर्व तयारीको रूपमा पशुपालकहरूलाई निश्शुल्क उपलब्ध गराइएको प्रमुख प्रशासकीय अधिकृत सन्देशकुमार यादवले बताए ।

गापामा रहेको गाई, भैंसी, बाख्रा, पशुपक्षी, हाँस, परेवा, कुखुरालगायतलाई आवश्यक औषधिका साथै पौष्टिक आहारसमेत किसानहरूलाई प्रदान गरिएको गापा अध्यक्ष प्रदीपकुमार जैसवालले बताए ।

यसैगरी, गापाको पशु विकास शाखाबाट हाइब्रिड टचुसेन्टी घाँसको बीउ किसानलाई वितरण गरिएको छ । पशु चौपायाहरूको लागि गापामा घाँसको अभाव नहोस् भनेर सो जातको घाँस वितरण गरिएको पशु शाखा प्रमुख अमित कुशवाहाले बताए ।



तस्वीरः प्रतीक

गापाको ६ वटै वडामा २५० जना पशुपालक किसानलाई यी सामग्री वितरण गरिएको उनले जानकारी गराए ।

यसैगरी, गापा अध्यक्ष जैसवालले ६ वटै वडामा किसानहरूलाई विभिन्न प्रजातिका बिरुवा वितरण गरे । गापालाई स्वच्छ र हराभरा बनाउन र मौसमी फलफूल उत्पादन होस् भनेर विभिन्न प्रजातिका बिरुवा उपलब्ध गराइएको कृषि विकास शाखा प्रमुख दयाराम वाग्लेले बताए ।

किसानलाई २ सय आँप, १ सय कटहर, १ हजार लिची र सयवटा कागतीका बिरुवा वितरण गरिएको उनले जानकारी गराए ।

## मौलापुर नगरपालिकाको पक्षमा प्रदर्शन

प्रस, रौतहट, ९ असार/

मौलापुर नगरपालिकाको पक्षमा बुधवार प्रदर्शन भएको छ ।

नेकपा एमाले माधव नेपाल समूह र जसपा अध्यक्ष उपेन्द्र यादव समूहका कार्यकर्ताले मङ्गलवार मौलापुर नगरपालिकामा अनियमितता भएको भन्दै धर्ना दिएको विरोधमा आज नगरप्रमुख रीमादेवी साह समर्थकहरूले प्रदर्शन गरेका हुन् ।



कोणसभामा बोल्दै नगरप्रमुख साह र प्रदर्शनमा सहभागीहरू । तस्वीरः प्रतीक

निषेधाज्ञा अवधिमा नगरप्रमुख साह समर्थकहरू ठूलो सङ्ख्यामा ओर्लिएका थिए । उनीहरूले सामाजिक दूरी त पर जाओस् मास्कसमेतको प्रयोग गरेका थिएनन् ।

स्वयम् नगरप्रमुख साहले मौलापुर बजारमा आयोजित प्रदर्शनपछिको सभामा मास्कविना भाषण गरेकी थिइन् ।

उनले मौलापुर नगरपालिकाले विकासको क्रममा गति लिइरहेको र केही विरोधीले विरोधको लागि मात्र धर्ना दिने जस्ता कार्यहरू गरेको आरोप लगाइन् । उनले विकास सहन नसक्नेहरूले विरोध गरेको आरोप लगाइन् ।

## निषेधाज्ञामा अटो सञ्चालन, भाडा महँगो

प्रस, पोखरिया, ९ असार/

वैशाख १६ देखि जारी निषेधाज्ञा असार १३ गतेसम्म कायम रहे पनि अहिले पर्साको ग्रामीण क्षेत्रमा सार्वजनिक सवारीसाधन अटो सञ्चालनमा आएको छ ।



यात्रीको प्रतीक्षामा पोखरियामा पार्किङ गरिएका अटोहरू । तस्वीरः प्रतीक

जिल्ला प्रशासन कार्यालय, पर्साले निषेधाज्ञा अवधिमा सार्वजनिक सवारीसाधन सञ्चालनको अनुमति दिएको छैन । तर सरकारी तथा निजी कार्यालयहरू खुलेका, बैंक तथा वित्तीय संस्था सञ्चालनमा रहेकाले ग्रामीण क्षेत्रबाट वीरगंज सदरमुकाममा आउन समस्या भएपछि अटो सञ्चालनमा ल्याइएको बताइएको छ । नियमविपरीत अटो सञ्चालन भएपनि अहिले वीरगंजसम्मको भाडा दोब्बर लिने गरिएको छ । पोखरियादेखि वीरगंजको पावरहाउस चोकसम्म प्रतिव्यक्ति रु ६० भाडा हो तर अहिले १००-१२० रुपैयाँसम्म लिने गरेको यात्रीहरूले गुनासो गरेका छन् ।




## बुधवार ६ जना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, ९ असार/

नारायणी अस्पताल वीरगंजमा बुधवार ६ जना सङ्क्रमित पुष्टि भएका छन् । अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले पिसिआर प्रयोगशालामा ४८ जनाको स्वाब परीक्षण गर्दा ६ जना सङ्क्रमित पुष्टि भएको बताए ।

सङ्क्रमित पुष्टि भएकामा पर्साका तीन, बाराका दुई र रौतहटका एकजना छन् । उनीहरूको सिटी भ्यालू १९ देखि ३१ रहेको छ ।

## ६० जना महिलालाई बाख्रा वितरण

प्रस, वीरगंज, ९ असार/

प्रदेश सरकार कृषि मन्त्रालयको सहयोगमा भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र पर्साको आयोजनामा पोखरियामा ६० जना महिलालाई बाख्रा वितरण गरिएको छ ।



विपन्न महिलालाई बाख्रा वितरण गर्दै उपप्रमुख सलमा खातुन । तस्वीरः प्रतीक

पोखरिया नपा-३ मा रहेका ६० जना विपन्न महिलालाई प्रतिव्यक्ति दुईवटाको दरले १२० वटा बाख्रा वितरण गरिएको थियो । पोखरिया नपाकी उपप्रमुख सलमा खातुनले महिलाहरूलाई बाख्रा वितरण गरेकी थिइन् ।

केन्द्रका प्रमुख सहतराम मौर्याको अध्यक्षतामा भएको कार्यक्रममा जसपाका नगर अध्यक्ष राजु साह, शिवनाथ साह, फहिम हवारी, नवी रसुल आलमलगायतको सहभागिता थियो ।

### विश्रामपुर......

समेटिएको वडाध्यक्ष यादवले बताए ।

गापाका प्रमुख प्रशासकीय अधिकृत सुनीलकुमार केसरीले गाउँसभाबाट आएका सुझावलाई समेटेर उत्कृष्ट बनाउने प्रतिबद्धता जाहेर गरे । उद्घाटन समारोहमा वडाध्यक्षहरू, सदस्यहरू, कार्यपालिका सदस्य, कर्मचारीलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण दीपकलाल पालले गरेका थिए ।

## स्वास्थ्य चौकीलाई अक्सिजन सिलिन्डर सहयोग

प्रस, पर्सागढी, ९ असार/

पर्सागढी नगरपालिका-४ मा रहेको स्वास्थ्य चौकीलाई गैर नेपाली आवासीय सङ्घ (एनआरएन) अफ्रिका राष्ट्रिय समन्वय समितिले अक्सिजन सिलिन्डर र स्वास्थ्य सामग्री सहयोग गरेको छ ।



तस्वीरः प्रतीक

वडाध्यक्ष समसुद्दीन देवानको अध्यक्षतामा आयोजित कार्यक्रममा नगरप्रमुख लोकनारायण यादवले स्वास्थ्य चौकी बिरुवागुठीलाई ६ थान अक्सिजन सिलिन्डर र स्वास्थ्य सामग्री हस्तान्तरण गरेका थिए । सो अवसरमा नगरप्रमुख यादवले संस्थालाई स्वास्थ्य सामग्री, अक्सिजन उपलब्ध गराएकोमा धन्यवाद ज्ञापन गरे । उनले अहिलेको अवस्थामा स्वास्थ्य सामग्री आवश्यक भएको र एनआरएन अफ्रिकाले सोको आपूर्ति गरी सहज बनाएको बताए ।

कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख योगेन्द्र पञ्जियार, उपप्रमुख उमेश साह, डा रञ्जन सिंह, स्वास्थ्यकर्मी श्वेता लामा, सरिता कार्की, स्वास्थ्य चौकी बिरुवागुठीका प्रमुख कविन्द्रकिशोर यादवलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण अच्छेलाल यादवले गरेका थिए ।